# नेपाल नागरिक उड्डयन प्राधिकरण

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरबाट श्री चम्पेश्वर निर्माण सेवा प्रा.ली., का.म.न.पा.१४ बल्खु काठमाण्डौलाई

## वक्यौता रकम चुक्ता गर्न आउने बारेको अत्यन्त जरुरी सूचना

## (सूचना प्रकाशित मिति २०७६।१२।०६)

यस त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको अपरेशन/एयरलाईन्स भवन अगाडीको पार्किङ्ग क्षेत्रमा २२०६.१७ ब.मी. र आन्तरिक टर्मिनल भवन अगाडीको पार्किङ्ग क्षेत्रमा ५१४२.७५ ब.मी. गरी जम्मा ७३४८.९२ ब.मी.क्षेत्रफलमा मिति २०७५।०९।११ देखि २०७६।१०।१२ सम्म सवारी विशान शुल्क उठाउने कार्य गर्नको लागि ठेक्का पाएको श्री चम्पेश्वर निर्माण सेवा प्रा.ली.ले सो पार्किङ्ग शुल्क उठाए वापत यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने रकम नबुझाएको र सो रकम बुझाउन पटक पटक पत्राचार गरी ताकेता गर्दा उक्त प्रा.ली.बाट छुट्टा छुट्टै पत्रसाथ मिति २०७६।०९।११ मा रु.१०,००,०००।- (दश लाख रुपैयाँ) र रु. रु.२३,४४,९९३।२२ (तेईस लाख चौवालीस हजार नौ सय त्रियानब्बे रुपैयाँ पैसा बाईस) को क्रमशः सेञ्चुरी कमर्सियल बैंक र सिद्धार्थ बैंक सातदोबाटो शाखाको २ थान चेक कार्यालयमा बुझाएकोमा उक्त चेकहरु खातामा यथेष्ट रकम नरहेको कारणले फिर्ता आएको हुँदा सोको जानकारी गराउँदा समेत सम्पर्कमा नआएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३ दिन भित्र कार्यालयमा सर्म्पक गरी आफूले तिर्नु बुझाउनु पर्ने रकम भुक्तानी गरी हर हिसाब फरफारक गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम ३०.३ तथा प्रचलित कानुन बमोजिम भै जाने व्यहोरा समेत जानकारी गराईन्छ ।